जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २७३ | २०८० साल जेठ २४ गते बुधबार | (7 June 2023 Wednesday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आधिकारिक व्यक्तिमात्रै बसेर करका.. ३ पृष्ठमा : तत्काल मन्दीको असर कम ... ३ पृष्ठमा रूसी रेडियो स्टेशनहरू ह्याक,..

# नगर प्रहरी भर्ना गर्न खोज्दा धम्की आयो : कावा नगरप्रमुख परविन



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परबिनले नगर प्रहरी भर्ना गर्न खोज्दा धम्की आएको बताएकी छिन् ।

कार्यवाहक नगर प्रमुख परविनले मंगलवार आयोजना गरेको नगरको विकास तथा त्यसमा देखिएको बाधा, अवरोध र जटिलता बारे अन्तरक्रिया कार्यक्रममा सो धम्की बारे जानकारी गराएकी हुन् ।

उनले अतिआवश्यक कामलाइ अघि बढाउन चाहदा पनि केही कर्मचारी समेतले नटेरेको तथा नगरमा आवश्यक नगर प्रहरी भर्नाको काम अघि बढाउन खोज्दा प्रमुख प्रशासकिय अधिकृत समेतलाई भर्ना प्रक्रिया अघि नबढाउन केही जिम्मेवार ब्यक्तीहरुबाटै धम्की आएको गुनासो पोखिन ।

तर उनले धम्की दिने ब्यक्तीको नाम भने खुलाउन चाहिनन् । असहयोग र धम्की कै कारण नगर प्रहरी भर्ना, नगरमा सिसी क्यामरा जडान, स्वास्थ्य चौकीहरुमा औषधी र उपकरणहरुको व्यवस्थापन, निर्माणधीन अवस्थामा रहेको वसपार्क अविलम्व संचालन लगायतका योजनाको काम पनि त्यतिकै थाँती राख्नु परेको उनको भनाई थियो ।

अन्तरक्रियामा नगरपालिकाबाट प्रवाह हुने सेवा, सुविधा र विकास निर्माण लगायतका कार्य छिटो छरितो र पारदशी ढंगले अघि बढे खुला हृदयले सहयोग गर्ने पूर्व जनप्रतिनीधी, विभिन्न राजनीतिक दल तथा संघ संस्थाका प्रतिनीधीहरुले सामुहिक प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख परविनले नगर विकासका लागी आफुले जिम्मेवारी पाए यता इमान्दारीपूर्वक काम गरेको दाबी गर्दै बेला बेलामा आन्तरिक र बाह्य दुबै पक्षका केही ब्यक्तीहरुबाट हुने गरेको अनावश्यक हस्तक्षेप र बाधा अडचनले समस्या हुने गरेको सुनाईन ।

उनले आफु महिला भएकै कारण पनि कतिपयलाई नपचिरहेको भन्दै चौतर्फी असहयोगले गर्दा चाहेर पनि विकास निर्माण कार्यलाई गति दिन नसकेको लाचारी सुनाईन ।

छलफलमा पूर्व मन्त्रि रेणु यादव, पूर्व मेयरहरु शैलेश चौधरी, शम्भु प्रसाद यादव, महिदेव चौधरी, पूर्व नगर उपप्रमुख साधना झा, नेपाली कांँग्रेसका युवा नेता इर्शाद अन्सारी, ध्रुव देव, नन्द किशोर यादव, लोसपाका केन्द्रिय नेता जय प्रकाश ठाकुर, दिपेन्द्र चौधरी, एमालेका जिल्ला सचिव देवनाथ यादव, अखिलेश झा, जनमत पार्टीका रामलखन मण्डल, जसपाका जिल्ला अध्यक्ष केदार यादव, लक्ष्मण यादव, उधोग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवाल, समाजसेवी शैलेन्द्र मोहन झा लगायतले कार्यालयको आन्तरिक प्रशासनमा सुधार ल्याउदै समन्वय र इमान्दीका साथ जनताका लागी विकास निर्माण लगायतका काम अघि बढाउन सुझाव दिदै त्यसमा आफुहरुले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

## मैथिली साहित्य परिषदमा अजय र अवधेशको उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

मैथिली साहित्य परिषद सप्तरीको अध्यक्ष पदका लागी अजय कुमार झा र अवधेश कुमार झा बीच चुनावी प्रतिस्पर्धा हुने भएको छ ।

यस अघि अध्यक्ष पदका लागी उम्मेदवारी दिएका चार जना मध्ये आम संचार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव र प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं मैथिली भाषा विज्ञ डा.सुर्य प्रसाद यादवले उम्मेदवारी फिर्ता लिएका छन् ।

आउँदो असार २ गते हुने निर्वाचनको मनोनयन फिर्ता लिने अन्तिम दिन मंगलवार अजय र अवधेशको उम्मेदवारी कायमै रहेकाले दुबै बीच प्रतिस्पर्धा हुने पक्का भएको हो ।

अजय परिषदको निवर्तमान सचिव एवं निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन सप्तरीका अध्यक्ष हुन् भने अवधेश प्रेस मञ्चका महासचिव हुन ।

परिषदमा कुल ८ सय १७ मतदाता रहेको प्रमुख निर्वाचन अधिकृत श्यामसुन्दर झाले जानकारी दिएका छन् । अध्यक्ष पदबाट उम्मेदवारी फिर्ता लिएका श्यामसुन्दर यादव र डा.सुर्य प्रसाद यादवको साथ र सहयोग जसले पाउने उसैले बाजी मार्ने अडकलबाजी गरिरहेका छन् ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

## घुस लिदा लिदै वडा अध्यक्ष पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीको टोलीले पचास हजार रुँपैया घुस लिएको आरोपमा सप्तरीका एक जनप्रतिनिधि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ५ का वडाध्यक्ष सब्दुल मियाँ छन् ।

मियाँले हिरावती आधारभुत विद्यालय बकधुवाको निर्माणाधिन भवनको वडा कार्यालयबाट निर्माण सम्पन्न भएको सिफारिस दिने प्रयोजनका लागि निर्माणकर्ता व्यक्तिबाट मंगलबार ५० हजार घुस लिदै गरेको अवस्थामा अख्तियारको टोलिले विद्यालयबाटै नियन्त्रणमा लिएको हो ।

गोप्य सूचनाको आधारमा पुगेको अख्तियारको टोलीले मियाँलाई घुस वापत लिइएको ५० हजार नगदसहित नियन्त्रणमा लिई थप अनुसन्धानका लागि नियन्त्रणमा राखिएको आयोगले जनाएको छ ।

## ससुराली घरमा युवक झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

ससुराली गएको बेला सप्तरीको रुपनी गाउँपालिका ६ जगमोहनका एक युवक झुण्डिएको अवस्थामा फेला परेका छन् ।

प्रहरीका अनुसार सो वडा बस्ने ३० वर्षिय पन्चु सरदार शम्भुनाथ नगरपालिका ४ सिरकजरीस्थित ससुराली घरको सुत्ने कोठामा बासको बलोमा सलको पासो लगाई झुण्डीएको अवस्थामा मृत फेला परेका हुन् ।

यो सँगै जिल्लामा चालु आ.ब.मा विभिन्न कारणले आत्महत्या गर्नेको संख्या ९७ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कमा उल्लेख छ ।

## आमाले कम्प्युटर क्लासका लागि गाली गरेको भन्दै किशोरीद्वारा विषादी सेवन

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

आमाले कम्प्युटर क्लासका लागि गाली गरेको भन्दै एक किशोरीले मंगलबार विषादी सेवन गरेकी छिन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ४ कुशहा घर भई हाल राजविराज नगरपालिका वडा नं. ७ मा डेरा गरि बस्ने १६ वर्षिया खुश्बु कुमारी रायले विषादी सेवन गरेकी हुन् ।

प्रहरीका अनुसार आमाले कम्प्युटर क्लासको लागी गाली गरेको कारण खुश्बुले तरकारीमा हाल्ने किटनाशक बिषादी सेबन गरेकी हुन् ।

विषादी सेवनबाट बिरामी भई उनको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**चट्याङको समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# माओवादी केन्द्रद्वारा कोशी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता

विराटनगर, २३ जेठ (रासस) ।
नेकपा (माओवादी केन्द्र)ले कोशीमा प्रदेशमा नेकपा (एमाले) नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

माओवादी केन्द्र कोशी प्रदेशका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी दिनुभयो । केन्द्रीय गठबन्धनमा आएको फेरदलको कारण आफूहरूले समर्थन फिर्ता लिएको उहाँले बताउनुभयो ।

मंगलबार बसेको संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्तासँगै माओवादी केन्द्रबाट सरकारमा सहभागी दुई मन्त्री फिर्ता बोलाउने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा पर्यटन, वन तथा वातावरण मन्त्री जीवन आचार्य र भौतिक पूर्वाधार विकास मन्त्री दुर्गाप्रसाद चापागाईंले राजीनामा दिनुभएको हो ।

आङ्बोले वर्तमान सरकार र राजनीतिक दलकै सहमतमा प्रदेश नामकरण भएपनि पहिचान पक्षधरले उठाएको मागप्रति प्रदेश सरकारले कुनै चासो नराखेकाले समर्थन फिर्ता लिइएको बताउनुभयो ।

नेता आङ्बोले मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पहिचानवादीसँग वार्ता गर्न आह्वान गरेपनि वार्ता टोली गठन नगरेको र पहिचानवादीलाई वेवास्ता गरेको आरोप लगाउनुभयो । “सरकारले पहिचानवादीको आन्दोलन र मागलाई वेवास्ता गरेको छ, सम्मान गरेको छैन”, उहाँले भन्नुभयो ।

# आधिकारिक व्यक्तिमात्रै बसेर करका दरसम्बन्धी निर्णय गरिएको हो : अर्थमन्त्री

काठमाडौँ, २३ जेठ (रासस) ।
अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माणमा बजेट तर्जुमा दिग्दर्शनमा उल्लेखित पदाधिकारी मात्रै बसेर करका दर निर्धारण गरिएको प्रस्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सदस्यहरूले बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिको संलग्नताबारे उठाएको जिज्ञासामा उहाँले आधिकारिक व्यक्ति मात्रै बसेर करका दरलाई वैज्ञानिक बनाइएको बताउनुभयो ।

उहाँले गोप्य कोठामा आधिकारिक व्यक्तिमात्र बसेर करका दर बढाउने, घटाउने र हेरफेर गर्ने निर्णय गरिएको बताउनुभयो । “करका दरसम्बन्धी निर्णय हामीले स्वतन्त्रपूर्वक गरेका छौँ, आन्तरिक अध्ययन, सरोकारवालाका सुझाव तथा राजस्व परामर्श समितिको सिफारिसका आधारमा हामीले निर्णय गरेका हौँ”, उहाँले भन्नुभयो ।

आफूले कुनै पनि प्रभावबाट मुक्त भएर पारदर्शी ढङ्गबाट काम गरेको उल्लेख गर्दै उहाँले प्रभावबाट मुक्त भएर काम गर्छु भनेर मन्त्रालय छिरेको बताउनुभयो । “त्यही प्रतिबद्धता पालना गरेको छु । जिम्मेवारीमा रहेसम्म कर्तव्य निष्ठताका साथ काम गर्छु । यो विश्वास दिलाउन चाहन्छु”, अर्थमन्त्री डा महतले भन्नुभयो ।

बजेट निर्माणमा आवश्यक सहयोगीका सम्बन्धमा आफू मन्त्रालयमा आउनुभन्दा नै अगाडि निर्णय भइसकेको उहाँले प्रस्ट्याउनुभयो । “म आउनुअगाडि नै रामकृष्ण श्रेष्ठले नियुक्त पाइसकेको रहेछ । ३०औँ वर्षदेखि यही काम गर्दै आएको अनुभवी, दक्ष र इमान्दार भएर उहाँलाई ल्याइएको रहेछ”, उहाँले भन्नुभयो, “निर्णय प्रक्रियामा उहाँको संलग्नता छैन, निर्णय भइसकेको कुरा ‘इन्ट्री’ गर्ने उहाँको जिम्मेवारी हो । बजेटमा जे आएको त्यसको स्वामित्व हामीले लिएका छौँ, कुनै बाह्य व्यक्तिको संलग्नता नभएको विश्वास दिलाउँछु ।”

गोप्यरूपमा, छोटो समयमा काम गर्नुपर्ने र टाइप गर्नका लागि आवश्यक सहयोगी चाहिने उहाँको भनाइ छ । “निर्णय गर्ने ठाउँमा उहाँ हुनुहुन्न । निर्णय प्रक्रियामा बसेको पदाधिकारीको उपस्थितिमा ‘यो यो इन्ट्री गर’ भनी निर्देशनमा श्रेष्ठले लेख्नुभएको हो”, अर्थमन्त्रीले भन्नुभयो । उहाँले नियोजित रूपमा लगाइएको आरोपका आधारमा अविश्वास गर्न नहुने बताउनुभयो ।

सहयोगीको आफूसँग कुनै कुनै चिनजान नरहेको पनि उहाँले जानकारी गराउनुभयो । “आधिकारिक व्यक्तिले आधिकारिक निर्णय भएको करको दर, संशोधनलगायतलाई इन्ट्री गर्नका लागि उहाँले वर्षौंदेखि लगातार काम गर्दै आउनुभएको छ । सोही प्रयोजनका लागि मअघिको मन्त्रीले श्रेष्ठलाई नियुक्त गर्नुभएको होला”, अर्थमन्त्री डा महतले भन्नुभयो, “उहाँले आधिकारिक रूपमा सहयोगीको भूमिका निर्वाह गर्नुभयो । गोप्य निर्णय गर्ने ठाउँमा उहाँ कहीँकतै संलग्न हुनुहुन्न ।” उहाँले बिचौलियालाई त आफूले छेउछाउमा आउन पनि नदिएको बताउनुभयो ।

विद्युतीय सवारीलाई प्रोत्साहन गर्न यसअघि कम भन्सार दर राखिएको उल्लेख गर्दै उहाँले विद्युतीय सवारीमा लाग्ने करलाई समयानुकूल बनाउनुपर्ने भएकाले करका दर पुनरावलोकन गरिएको बताउनुभयो । “विद्युतीय सवारीको बिक्रीमा ठूलो मार्जिन छ, जुन उपभोक्तामा सरिरहेको छ, हामीले छुट दिए पनि ग्राहकले नपाउने अवस्था विद्यमान छ । त्यसलाई हेर्नुपर्ने अवस्था छ । यसमा ‘इफ र बट’ छैन”, अर्थमन्त्रीले भन्नुभयो, “पुनः समायोजन गरिएको हो, पेट्रोलियम सवारीमा लगाइएको करभन्दा धेरै गुणा कम छ ।”

# ग्राहकको गोपनीयतामाथि संवेदनशील छौं : नेपाल टेलिकम

काठमाडौँ, २३ जेठ (रासस) ।
नेपाल टेलिकमले यही जेठ २२ गते एक अनलाइन न्यूज पोर्टलमा टेलिकमका सेवाका सुरक्षाप्रति शङ्का व्यक्त गर्दै प्रकाशित समाचारप्रति खण्डन गरेको छ ।

टेलिकमले ग्राहकको गोपनीयतालाई सधैं सम्मान गर्ने र त्यसको सुरक्षा र गोपनीयतामा एकरत्ति पनि सम्झौता हुन नदिने भन्दै ग्राहकलाई आश्वस्त हुन अनुरोध समेत गरेको छ ।

“यही जेठ २२ मा एक अनलाइन न्यूज पोर्टलमा टेलिकमका सेवाका सुरक्षाप्रति शङ्का व्यक्त गर्दै प्रकाशित समाचारप्रति कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ, कम्पनीका सेवा अत्यन्त भरपर्दा र सुरक्षित बनाइ ग्राहकवर्गको गोप्यता कायम गर्न हामी अत्यन्त संवेदनशील रहेको व्यहोरा जानकारी गराउँदै कम्पनीका सेवा निर्धक्क भएर प्रयोग गर्नुहुन अनुरोध छ”, टेलिकमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

नेपाल टेलिकमले राज्यका अधिकारप्राप्त निकायबाट हुने कुनै अनुसन्धानको प्रक्रियामा प्रचलित कानुन बमोजिम सम्मानित अदालतको आदेशपछि मात्र अन्य दूरसञ्चार सेवा प्रदायकले भैँ कम्पनीले विवरण उपलब्ध गराउने समेत प्रष्ट पारेको छ ।

पछिल्लो समयमा कम्पनीका सेवाका संस्थागत प्रयोगकर्ता उल्लेख्यरूपमा बढिरहेको व्यहोरासमेत जानकारी गराइएको छ ।

# बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई समावेश गरिएको भन्दै प्रतिपक्षको विरोध

काठमाडौँ, २३ जेठ (रासस) ।
प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रमुख प्रतिपक्षी दलले बजेट निर्माणका क्रममा अर्थ मन्त्रालयका गोप्य कक्षमा अनधिकृत व्यक्ति समावेश गरिएको भन्दै विरोध गरेका छन् ।

पूर्वनिर्धारित समयभन्दा तीन घन्टापछि सुरु भएको बैठकको सुरुमै विपक्षी सांसदहरू आफ्नो स्थानबाट उठेर विरोध गर्न थालेपछि सभामुखले नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरीलाई बोल्न समय दिनुभयो ।

प्रमुख सचेतक गिरीले करका दरहरू परिवर्तन गर्ने कार्यमा त्यस्ता व्यक्तिहरूलाई राखेर व्यापारिक घरानालाई लाभ हुने गरी काम भएको पाइएकाले सदनमा अर्थमन्त्रीले यसमा चित्तबुझ्दो जवाफ दिनुपर्ने माग गर्नुभयो । उहाँले करका दर परिवर्तन् न हुने सूचना चुहाएर रातारात ठूलो सङ्ख्यामा चारपाङ्ग्रे विद्युतीय गाडी नेपाल ल्याइएको आरोप लगाउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले गत वर्षको बजेट निर्माणका समयमा यस्तै घटना भएपछि तत्कालीन अर्थमन्त्रीले राजीनामा दिएको सन्दर्भमा उल्लेख गर्दै नीतिगत भ्रष्टाचारको डरलाग्दो जालो तोड्नुपर्ने बताउनुभयो ।

उहाँले अपारदर्शीरूपमा करका दर परिवर्तन गरिएको हो कि होइन ? भन्ने विषयमा स्पष्ट जवाफ दिन माग गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले विधि र प्रक्रिया मिलाएर भ्रष्टाचार गरिएको सुनिएकाले जेठ १४ गते राति आर्थिक विधेयकलाई अन्तिम रुप दिने कार्यमा अर्थ मन्त्रालयमा असम्बन्धित व्यक्ति समावेश भएको हो कि होइन भन्ने प्रश्न गर्नुभयो ।

# नागरिकता विधेयकमा सर्वोच्चको आदेशप्रति लोसपाको असन्तुष्टि

काठमाडौँ, २३ जेठ (रासस) ।
राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गर्नुभएको नागरिकतासम्बन्धी विधेयक कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेकामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले असन्तुष्टि व्यक्त गरेको छ ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले सोमबार विज्ञप्ति जारी गर्दै अदालतले अन्यायमा परेका लाखौँ नागरिकलाई न्याय दिन नसकेको भन्दै आपत्ति जनाउनुभएको छ । “सम्मानित सर्वोच्च अदालतद्वारा यस विषयमा पटक-पटक आउने स्थगन आदेश नागरिकताविहीन नागरिकहरूप्रति संवेदनशील नरहेको र अन्यायमा परेका लाखौँ नागरिकलाई न्याय दिन नसकेको निर्णयप्रति असहमत रही सोको पीडा बोध भएकाले यस किसिमको अन्यायविरुद्ध विरोध प्रकट गर्न हामी बाध्य भएका छौँ”, विज्ञप्तिमा भनिएको छ ।

साथै लोसपाले वर्तमान राष्ट्रपति पौडेलले भने आफ्नै देशको नागरिकमाथि भइराखेको अन्याय रोक्न ऐतिहासिक कदम चालेर विधेयकलाई प्रमाणीकरण गर्नुभएकोमा धन्यवाद दिएको छ । राष्ट्रपति पौडेलले सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधित्व गर्ने सङ्घीय संसद्को सर्वोच्चता कायम गरेको भन्दै लोसपाले आभार व्यक्त गरेको छ ।

राष्ट्रपति पौडेलले बुधबार प्रमाणीकरण गरेको नागरिकतासम्बन्धी विधेयकविरुद्ध परेको रिटमा आइतबार सुनुवाइ गर्दै सर्वोच्चले तत्काल कार्यान्वयन नगर्न आदेश जारी गरेको हो । लोसपाले सुरुदेखि नै आफ्नै मुलुकमा नागरिकताविहीन अवस्थामा रहेका जन्मसिद्ध नागरिकका सन्तानले संवैधानिक व्यवस्थाअनुसार नागरिकता पाउने पर्ने विषयलाई लिएर निरन्तर सङ्घर्ष गर्दै आएको विज्ञप्तिमा जनाइएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# तत्काल मन्दीको असर कम गर्ने बजेट आएन : महासंघ

काठमाडौँ, २३ जेठ (रासस)।

निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटले अहिलेको आर्थिक सङ्कट टार्न सक्ने ठोस योजना तथा कार्यक्रम ल्याउन नसकेको प्रतिक्रिया दिएको छ।

महासङ्घले सोमबार प्रेस विज्ञप्तिमार्फत बजेटबारे यस्तो प्रतिक्रिया दिएको हो। "निजी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रूपमा आत्मसात गर्दै महासङ्घद्वारा प्रस्तुत सुझावसमेत समावेश भएको बजेटले दीर्घकालीन लगानीको सम्भावनालाई बढाए पनि तत्काल मन्दीको असर कम गर्ने उपाय अवलम्बन गर्न सकेको छैन।", महासङ्घले विज्ञप्तिमा भनेको छ।

पूँजीगत खर्च नबढाउने र बजारको माग बढाउने उपाय तत्काल अवलम्बन हुन नसक्ने हो भने मन्दीमा रहेको अर्थतन्त्रमा आगामी आर्थिक वर्षमा पनि सुधारको अपेक्षा न्यून रहेको महासङ्घको धारणा छ। यसले सरकारले लिएको छ प्रतिशतको आर्थिक वृद्धि र साढे छ प्रतिशतको मुद्रास्फिति दरको वान्छित सीमा हासिल गर्न सकिने सम्भावना कम रहेको उसको भनाइ छ।

व्यावसायिक वातावरण सुधारका लागि आगामी बजेटमा वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, काठको उपयोग तथा धौवादीसहित अन्य खानीको सम्भाव्यता खोजी गर्ने लगायतका विषय स्वागतयोग्य रहेको महासङ्घको भनाइ छ। त्यस्तै वातावरणमा असर नपर्ने गरी उपयुक्त देखिएका स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र निकासीको बाटो बजेटमार्फत खोलिएकाले यसबाट व्यापार घाटा कम गर्न मद्दत पुग्ने अपेक्षा महासङ्घले गरेको छ।

त्यसैगरी, २० प्रतिशत महँगो भए पनि स्वदेशी वस्तु उपयोग गर्ने, सडक ढलान गर्ने परियोजनामा स्वदेशी उत्पादनलाई प्रश्रय दिने, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रको विकास, बाँझो जमिनमा खेती गर्नेलगायतका प्रावधानले आयात प्रतिस्थापनमा सहयोग महासङ्घको ठहर छ। स्टार्टअप विकासका लागि विभिन्न कोषको प्रवर्द्धन र नगद अनुदान, कम्पनी खोल्न गरिएको सहजीकरणले नयाँ व्यवसायीको बजारमा प्रवेश हुन सक्ने ठानिएको छ।

आर्थिक विधेयक २०८० मार्फत सरकारले करका दरमा गरेको हेरफेरबाट मुलुकको समग्र अर्थतन्त्रमा थप असर देखिनसक्ने महासङ्घको भनाइ छ। "बजेटमा आम उपभोक्ता र व्यवसायीलाई पर्न सक्ने प्रभावको मूल्याङ्कन नगरी करको दर र दायरामा गरिएको विस्तारले बजारमा कायम मन्दीलाई कायम राख्ने मात्र नभई थप नकारात्मक प्रभाव पर्नेछ।", महासङ्घले विज्ञप्तिमा उल्लेख गरेको छ।

प्रचलित कानुनबमोजिम कर दायित्व फरकफरक गरी कर चुक्ताको प्रमाणपत्र समेत लिइसकेको अवस्थामा आर्थिक विधेयकमा धितोपत्र, जग्गा तथा घरजग्गाको व्यावसायिक कारोबार गर्ने प्राकृतिक व्यक्तिका हकमा गरिएको व्यवस्थाले अन्यौल सिर्जना गरेको महासङ्घले जनाएको छ।

"नियामक निकायको स्वीकृतिमा पुँजी वृद्धिकै लागि जारी गरिएको एफपिओ एवं मर्जरको गतिविधिमा विगतदेखि कर नतिरेको भए तिर्नु भन्ने प्रावधान आफैँमा व्यवसायको निमित्त असीमित दायित्व सृजना गर्ने खालको भएकोले प्रत्युत्पादक छ। राज्यले पश्चातगामी कानुन जारी गरी कर असुल गरेको अभ्यास आयकर ऐन लगायतका कानुनमा व्यवस्था नभएको हुँदा यसलाई पुनरावलोकन गरिनुपर्दछ", महासङ्घले भनेको छ।

वनस्पति, घ्यू, तेललगायतका उद्योगका कच्चा पदार्थमा गरिएको भन्सार वृद्धिले उपभोक्ता मूल्य बढ्नुका साथै उत्पादनलाई निरुत्साहित गरेको र स्वदेशी उद्योगको प्रवर्द्धनका लागि कच्चा पदार्थ र तयारी उत्पादन बीच कम्तीमा दुई तहको फरक हुनुपर्ने निजी क्षेत्रको मागलाई बेवास्ता गरिएको उसको भनाइ छ। यातायातमा मूल्य अभिवृद्धि कर लगाउने प्रावधान प्रति उत्पादक हुने महासङ्घको ठहर छ। यसअघि छुट पाइरहेका कतिपय कृषि उत्पादन र फलफूललमा मूल्य अभिवृद्धिकर लागू भएपछि उपभोक्ता मूल्य बढ्ने अनुमान महासङ्घको छ।

यसबाहेक, करको दर र दायरामा गरिएको परिवर्तनले व्यवसायमा परेको प्रभावबारे महासङ्घ सदस्यबाट गुनासो आउने क्रम जारी छ। मन्दीको समयमा व्यवसाय निरुत्साहित हुने गरी गरिएका व्यवस्थामा सुधारका लागि महासङ्घ अर्थ मन्त्रालय र अन्य सरोकारवाला निकायसँग निरन्तर सम्वाद र छलफलमा रहने उल्लेख गरिएको छ।

# दश प्रतिशत निःशुल्क उपचार नगर्ने अस्पताललाई कारबाही : मन्त्री बस्नेत

काठमाडौँ, २३ जेठ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले विपन्नका लागि कूल शयॎयाको १० प्रतिशत निःशुल्क नछुट्टाउने अस्पताललाई कारबाही गर्ने बताउनुभएको छ।

नेशनल बाथरोग सेन्टरको १०औं वार्षिकोत्सवको अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले कानुनअनुसार कूल शयाको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको लागि छुट्याइ निःशुल्क उपचार नगर्ने अस्पतालाई कारबाही गर्ने चेतावनी दिनुभयो।

यही जेठ २१ गते मन्त्रालयले सबै अस्पताल र सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गर्दै १० प्रतिशत निःशुल्क उपचारको व्यवस्था मिलाउन निर्देशन दिएको छ। मन्त्री बस्नेतले विपन्न, गरिब र असहाय बिरामीको पहिचान गर्ने काम प्रत्येक वडालाई दिएको भन्दै वडा कार्यालयले पहिचान गरेर सिफारिसका आधारमा हरेक अस्पतालले विपन्न र असहाय बिरामीको लागि १० प्रतिशत शय्यामा निःशुल्क उपचार गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले अस्पतालहरूले विपन्नलाई निःशुल्क उपचार गरे नगरेको स्वास्थ्य मन्त्रालयले अनुगमन गर्ने भनाइ छ।

"अस्पतालले १० प्रतिशत शय्यामा गरिब, विपन्नलाई निःशुल्क उपचार दिएको छ वा छैन अनुगमन गर्छौं। यदि ति अस्पतालले निःशुल्क उपचार नगरेको पाइएकामा कारबाही गर्छौं", उहाँले भन्नुभयो। आर्थिक अभावको कारणले कुनै पनि बिरामीले औषधि उपचार गर्न नपाएर ज्यान गुमाउन नपरोस्मा भन्दै त्यस्ता बिरामीका लागि मन्त्रालयले आकस्मिक उपचार कोषको व्यवस्था गर्ने बताउनुभयो।

रोग लागेपछि उपचारमा ठूलो धन राशि खर्च गर्नुको सट्टा रोग लाग्नै नदिनेतर्फ ध्यान दिनुपर्ने अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले आहार, बिहार र शारीरिक व्यायाम ठीक ढङ्गले गर्न सके बाथलगायत धेरै रोगबाट बच्न सकिने विश्वास व्यक्त गर्नुभयो।

वरिष्ठ बाथरोग विज्ञ डा विनित वैद्यले नेशनल बाथरोग सेन्टरले सरकारले पनि हातेमालो गरेर बाथरोग नियन्त्रण र रोकथाम गर्ने सक्ने बताउनुभयो। सेन्टरका कार्यकारी निर्देशक रोशन कक्षपतिले आगामी पाँच वर्षभित्र सेन्टरले थप सात जिल्लामा सेवा विस्तार गर्ने जानकारी दिनुभयो। सो अवसरमा बस्नेतले नेशनल बाथरोग सेन्टरले सञ्चालन गर्न लागेको थर्मोग्राफी सेवा शुभारम्भ गर्नुभयो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, सप्तरी


## विश्व समाचार

### रूसी रेडियो स्टेशनहरू ह्याक, राष्ट्रपति पुटिनको नक्कली सन्देश बज्यो

मस्को, २३ जेठ (रासस/एएफपी)।

रुसका थुप्रै रेडियो स्टेशनहरू ह्याक गरिएका छन्। रेडियोहरू ह्याक भएसँगै युक्रेनसँग सीमा जोडिएका क्षेत्रहरूमा राष्ट्रपति भ्लादिमिर पुटिनको नक्कली भाषण बजाइएको छ।

ह्याकिङ दक्षिणपश्चिमी बेल्गोरोड क्षेत्रमा गरिएको घुसपैठ प्रयास र तीव्र गोलाबारीको बीचमा भएको छ। कीभले यस्ता गतिविधिहरूले लामो-अपेक्षित प्रतिआक्रामक तयारी गरिरहेको बुझिएको जनाएको छ।

नक्कली सन्देश अझै पनि विभिन्न सामाजिक सञ्जालमा प्रसारित भइरहेको छ। रुसी राष्ट्रपति पुटिनको आवाजसँग मिल्दोजुल्दो उक्त आवाजले ती क्षेत्रहरूमा मार्शल ल, सामान्य परिचालन र नागरिकहरूलाई खाली गर्ने घोषणा गरेको छ।

"यो वास्तवमै ह्याक थियो," क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभलाई सरकारी एजेन्सी आरआईए नोवोस्तीले भन्नु भएको छ। बेल्गोरोड क्षेत्रीय प्रशासनिक केन्द्रले सन्देश "नक्कली" भएको बताएको छ जसको उद्देश्य "शान्तिपूर्ण बेल्गोरोडका बासिन्दाहरूमा त्रास छर्न" केन्द्रित रहेको बुझिएको छ। एमआरआई रेडियो स्टेशनले ह्याकिङलाई "पूर्ण नक्कली र उत्तेजक" भनेको छ जुन करिब ४० मिनेटसम्म प्रसारित भएको थियो।

### केन्याद्वारा सुडानमा रहेको दूतावास बन्द

नैरोबी, २३ जेठ (रासस/सिन्ह्वा)।

सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सबीचको लडाइँमा सशस्त्र समूहहरूले कूटनीतिक नियोगहरूलाई निशाना बनाउँदै आएपछि केन्याले सुडानको राजधानी खार्तूममा रहेको आफ्नो दूतावास बन्द गरेको छ।

विदेश र डायस्पोरा मामिला मन्त्रालयका विदेश मामिलाका प्रमुख सचिव कोरिर सिङ्गोईले केन्याले सुडानमा रहेका कुनै पनि केन्यालीहरूलाई बाहिर निकाल्न सहजीकरण गर्न खुला रहेको बताउनुभएको छ।

"हामीले सुडानको खार्तूममा सशस्त्र समूहहरूले कूटनीतिक अधिकारीहरूलाई निशाना बनाएको चिन्ताजनक समाचारहरू प्राप्त गरिरहेका छौं। खार्तूममा रहेको केन्या मिशन जुन अझै पनि केन्यालीहरूलाई बाहिर निकाल्नका लागि खुला रहेको थियो, अहिले बन्द छ," उहाँले भन्नुभयो।

सुडानका सेनापतिहरूबीचको लडाइँमा केन्याले नै महिनाको सुरुसम्ममा कम्तीमा नौ सय व्यक्तिको उद्धार गरेको छ। विदेश मन्त्रालयका अनुसार सुडानमा तीन हजारभन्दा बढी केन्यालीहरू बसोबास गरिरहेका थिए।

### अफगानिस्तानमा विष्फोट हुँदा डेपुटी प्रान्तीय गभर्नरसहित दुईको मृत्यु

फैजाबाद, २३ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको प्रान्तीय राजधानी फैजाबादमा मङ्गलबार भएको विस्फोटमा परी डेपुटी गभर्नरसहित दुई जनाको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन्।

सूचना तथा संस्कृतिका प्रान्तीय निर्देशक कारी माजुद्दिन अहमदीका अनुसार "फैजाबाद शहरमा भएको विस्फोमा बदख्शान प्रान्तका डेपुटी गभर्नर मौलावी निसार अहमद अहमदीसहित दुई जनाको मृत्यु भएको छ र अन्य छ जना घाइते भएका छन्। घाइते सबैलाई अस्पताल लगिएको छ।"

स्थानीय समयअनुसार बिहान ०८:१५ बजे फैजाबाद शहरको चराही महकामा क्षेत्रमा कार बम विस्फोट भएको हो। घातक हमलाको जिम्मेवारी लिने कुनै समूहको बारेमा जानकारी सार्वजनिक गरिएको छैन।

### पाकिस्तानमा आतंवादीसँगको गोली हानाहानमा एक सैनिकको मृत्यु

इस्लामाबाद, २३ जेठ (रासस/सिन्ह्वा)।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा आतङ्कवादीसँगको गोली हानाहानमा एकजना पाकिस्तानी सैनिकको मृत्यु भएको पाकिस्तानी सेनाले जनाएको छ।

पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर)ले सोमबार अफगानिस्तानसँग सीमा जोडिएको जिल्ला दक्षिण वजिरिस्तानको लधा क्षेत्रमा गोलीबारी भएको जनाएको छ।

घटनापछि सो क्षेत्रमा फेला परेका अन्य आतङ्कवादीलाई हटाउनका लागि सो क्षेत्रको कारबाही थालिएको छ।

पाकिस्तानी सुरक्षा बल देशबाट आतङ्कवादको खतरा हटाउन कटिबद्ध रेहेको पनि सेनाले जनाएको छ।

# विश्व वातावरण दिवसमा वृक्षारोपन



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

विश्व वातावरण दिवसको अवसरमा सोमबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ मंसापुर टोलमा वृक्षारोपण गरिएको छ।

सुधार समितिको समन्वय र सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले आयोजना वृक्षारोपन कार्यक्रम गरिएको हो।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवको प्रमुख आतिथ्यमा सम्पन्न भएको वृक्षारोपन कार्यक्रम अन्तर्गत करिब ७० वटा आमला, रिखियाको बोट रोपिएर विश्व वातावरण दिवस मनाइएको कृषि प्राविधिक रामकुमार साहले बताए।

वातावरण संरक्षण हरियाली प्रवर्द्धन तथा जलवायु अनुकुल विकासमा हाम्रो प्रतिबद्धता रहने छ भन्दै मंसापुर टोल सुधार समितिको समन्वयमा उक्त गाउँलाई हरियाली र राम्रो वातावरण बनाउने उद्देश्यले आमलाको बोटलाई नै वृक्षारोपन गरिएको छ।

टोल सुधार समितिका अध्यक्ष रमेश कुमार मंडलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सेभ द सप्तरीका कार्यक्रम संयोजक संतोष यादव, कृषि प्राविधिक रामकुमार साह, फिल्ड अधिकृत सत्यनारायण थारु, बिष्णुकान्त देव, लेखा शाखाका अशोक साह, उधमबिकास सहजकर्ता सुमन कुमारी चौधरी, सुपरभाइजर रन्जना सुतिहार, समुदायिक परिचालक मुनेश्वर मुखिया र स्थानियबासी तथा कमलेश्वरी कृषक समुहका पदाधिकारीहरुको उक्त कार्यक्रममा उपस्थित रहेको थियो।

# नक्कली भूटानी शरणार्थी प्रकरण : सरकारी वकिलको थुनछेक बहस सकियो

काठमाडौँ, २३ जेठ (रासस)।

नक्कली भूटानी शरणार्थी प्रकरणमा जारी थुनछेक बहसमा सरकारी वकिलका तर्फको बहस मंगलबार सकिएको छ।

सरकारी वकिलका तर्फको बहस सकिएसँगै अब प्रतिवादीतर्फबाट कानुन व्यवसायीले बहस सुरु गर्ने जिल्ला अदालत काठमाडौँका सूचना अधिकारी दीपक दाहालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सरकारी वकिलतर्फको बहस सकिएको छ, अब प्रतिवादीतर्फबाट कानुन व्यवसायीले बहस गर्नु हुन्छ।"

जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा जारी बहसमा यस प्रकरणका प्रतिवादीलाई थुनामुक्त गरे प्रमाण नष्ट हुनसक्ने तथा जाहेरीकर्ताको सुरक्षामा खतरा हुनसक्ने भन्दै थुनामा राखेर नै मुद्दाको पुर्पक्ष गर्नुपर्ने दलिल सरकारी वकिलले प्रस्तुत गर्नुभएको थियो।

नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित १८ जनालाई थुनछेक बहसका लागि उपस्थित गराइएको छ। सो थुनछेक बहस यही जेठ ३१ गतेसम्म जारी रहने र त्यसपछि पुर्पक्षका लागि थुनामा पठाउने कि नपठाउने भन्नेबारेमा निर्णय लिइने बताइएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँले पक्राउ परेका १८ जनासहित फरार रहेका ३० जनालाई सङ्गठित अपराध, कीर्ते, ठगी तथा राज्य विरुद्धको आरोप गरी चारवटा मुद्दा लगाउँदै रु २७ करोड ५० लाख बिगो माग दाबीसहित जिल्ला अदालत काठमाडौँमा यही जेठ १० गते मुद्दा दायर गरिएको थियो।

# उडिरहेको विमानको ढोका आकाशमै अचानक खुल्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ जेठ।**

काठमाडौंबाट धनगढीतर्फ उठेको श्री एयरलाइन्सको जहाजमा अचानक समस्या आएपछि काठमाडौं फर्किएको छ।

उडिरहेको विमानको ढोका आकाशमै अचानक खुलेपछि ३० मिनेट आकाशमै घुमाएर काठमाडौं फर्काइएको हो। प्राविधिक समस्याका कारण एक्कासि आकाशमै ढोका खुलेको जानकारी प्राप्त भएको धनगढी विमानस्थलका प्रमुख रामकृष्ण भट्टले बताए।

उनका अनुसार जहाज उडेको १० मिनेटमै एयर प्रेसर फेलियर भएको थियो। भित्र र बाहिरको हावाको चाप नियन्त्रण गर्ने क्रममा प्राविधिक समस्या आएर विमानको ढोका खुलेको हो।

बिहान ८ बजेर १० मिनेटमा काठमाडौंबाट उडेको श्री एयरलाइन्सको २२१ जहाज आकाशमै ढोका खुलेपछि ८ बजेर ३८ मिनेटमा काठमाडौं विमानस्थलमै अवतरण गरिएको उनले बताए।

जहाजमा करिब ८० जना यात्रु रहेको र ती यात्रुलाई अर्को जहाजमा धनगढी पठाइएको एयरलाइन्सका कर्पोरेट म्यानेजर अनिल मानन्धरले बताए।

## तीव्र गतिमे मोटरसाइकिल नहि चलाबू

मोटरसाइकिल दुर्घटना एवम् मानवीय क्षति रोकबाक लेल सामुहिक प्रयास कएल जाओं।

१. मोटरसाइकिल चलबैसऽ पहिने जुत्ता लगौनाइ, साइड स्टयाण्ड उठौनाइआऽ हेल्मेट लगौनाइ नहि बिसरु।
२. भीडभाड, व्यस्त सडक तथा ग्रामिण बस्ती आ रास्तामे गेअर घटाक कम गतिमे मोटरसाइकिल चलाबू।
३. कतबो धरफड़ी किआ नहि हुए ओभरटेक वा पूरै सड़कपर मोटरसाइकिल नहि चलाबूं। सदिखन अपन साइडमे रहू, आवश्यकता अनुसार इन्डिकेटर बारुआऽ हाथ आऽ पैरक दुनू ब्रेक लगबै लेल नहि बिसरु□।
४. बालबालिका वा सवारी चालक अनुमति-पत्र नहि भेल व्यक्तिकें मोटरसाइकल चलबए नहि दियौ।
५. दू गोटासँ बेसी व्यक्ति सवार रहल, उमेर नहि पहुँचल चालक रहल तथा अनियन्त्रित एवम् तीव्र गतिमे मोटरसाइकिल चला रहल देखलापर तुरन्त रोकिक पुलिसके खबर करु।

**मधेश प्रदेश सरकार**
**आमसञ्चार प्राधिकरण**


# डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

## कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

# डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

## छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा भुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np